# नेपाल धितोपत्र बोर्ड
**खुमलटार, ललितपुर**

## खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने पदहरूको दरखास्त आह्वान गरिएको विज्ञापन।

**(प्रकाशन मिति : २०८१।०५।०७)**

लोक सेवा आयोगबाट प्राप्त सहमति अनुसार यस बोर्डका देहायका पदहरूमा खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाको माध्यमबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ (संशोधन सहित) अनुसार योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले बोर्डको वेवसाइट **https://www.sebon.gov.np** मा रहेको Career Tab भित्र गई **https://career.sebon.gov.np** लिङ्क बाट अनलाईन दरखास्त प्रणालीमार्फत आवेदन दिनको लागि आह्वान गरिन्छ। दरखास्त बुझाउने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको अर्को दिनसम्म दरखास्त बुझाउन सकिनेछ। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | सेवा | समूह | किसिम | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १. | ०२/०८१/८२ | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | नेपाल धितोपत्र बोर्ड | प्रशासन | खुला | १ (एक) |
| २.. | ०३/०८१/८२ | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | नेपाल धितोपत्र बोर्ड | प्रशासन | आ.ज. | १ (एक) |
| ३. | ०४/०८१/८२ | बरिष्ठ सहायक | सहायक प्रथम श्रेणी | नेपाल धितोपत्र बोर्ड | प्रशासन | मधेसी | १ (एक) |
| ४. | ०५/०८१/८२ | सहायक | सहायक द्वितीय श्रेणी | नेपाल धितोपत्र बोर्ड | प्रशासन | खुला | १ (एक) |
| ५. | ०६/०८१/८२ | सहायक | सहायक द्वितीय श्रेणी | नेपाल धितोपत्र बोर्ड | प्रशासन | महिला | १ (एक) |
| ६. | ०७/०८१/८२ | सहायक | सहायक द्वितीय श्रेणी | नेपाल धितोपत्र बोर्ड | प्रशासन | आ.ज. | १ (एक) |

**परीक्षाको किसिम** :- लिखित र अन्तर्वार्ता।

**परीक्षा केन्द्र** :- काठमाडौँ।

**दरखास्त बुझाउने स्थान** :- बोर्डको वेवसाइट **https://www.sebon.gov.np** मा रहेको Career Tab भित्र गई **https://career.sebon.gov.np** लिङ्क मार्फत।

**अपलोड गर्नुपर्ने कागजातहरू** :- उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजातहरू अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF/JPG/PNG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरिएको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मिति** :- २०८१/०५/२७ र सात (७) दिन सम्म दोब्बर दस्तुर तिरी २०८१/०६/०३ सम्म बुझाउन सकिनेछ।

**उम्मेदवारको उमेरको हद** :- अधिकृत तृतीय श्रेणीका पदहरूको हकमा २०८१/०५/२७ सम्म २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको तर महिला उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको ।
सहायक प्रथम र द्वितीय श्रेणीका पदहरूको हकमा २०८१/०५/२१ सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको तर महिला उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको ।

**पदमा रही गर्नुपर्ने काम** :- बोर्डको व्यवस्थापन अन्तर्गत रही कार्य गर्नुपर्ने।

**तलव तथा सेवा, सुबिधा** :- बोर्डको नियम अनुसार।

**लिखित परीक्षा मिति** :- लोक सेवा आयोगबाट कायम भए बमोजिम सम्पर्क मितिमा प्रकाशन गरिनेछ।

**परीक्षा दस्तुर** :- प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ।

| श्रेणी | परीक्षा दस्तुर | प्रत्येक थप समूहका लागि थप दस्तुर |
|---|---|---|
| अधिकृत तृतीय | रु. २,०००।- (दुई हजार) | रु. २००।- (दुई सय) |
| बरिष्ठ सहायक | रु. १,०००।- (एक हजार) | रु. २००।- (दुई सय) |
| सहायक | रु. ८००।- (आठ सय) | रु.२००।- (दुई सय) |

**सम्पर्क मिति** **:- पछि प्रकाशन गरिनेछ।**

### विज्ञापन सम्बन्धी विशेष सूचना :

सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतका उत्प्रेषण सम्बन्धी निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानूनी व्यवथा भएपश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

### आवश्यक न्यूनतम योग्यता :

१ **अधिकृत तृतीय श्रेणी, प्रशासन सेवा, सहायक निर्देशक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा वाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट उपाधि हासिल गरेको हुनुपर्ने।

२. **सहायक प्रथम श्रेणी, प्रशासन सेवा, वरिष्ठ सहायक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापन वा बाणिज्य मूल विषय लिई कानून वा सूचना प्रविधि विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने।

३. **सहायक द्वितीय श्रेणी, प्रशासन सेवा, सहायक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने।

### समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उमेदवारका लागि विशेष निर्देशन:

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। दरखास्त दिने समयमा अपलोड गरिएका कागजातहरू उम्मेदवारसँग साथमा नभएमा जुनसुकै समयमा दरखास्त रद्द हुने सक्नेछ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजातिका उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजातिका उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत जातिभित्रको थर भएको भनी प्रमाणित गरिदिएको प्रमाणपत्र।

(ख) मधेसीको हकमा नेपाल सराकरले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नतोकेको हकमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भएको भनी प्रमाणित गरिदिएको प्रमाणपत्र।

### द्रष्टव्य :

१. नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०६८ (संशोधन सहित) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. प्रत्येक सेवा अन्तर्गत आन्तरिक प्रतियोगितात्मक परीक्षा र खुला तथा समावेशी प्रतियोगिताका आधारमा लिइने परीक्षाहरू संयुक्त रूपमा एकै पटक एकै सिटिङमा लिइनेछ।

३. दरखास्त पेश गर्ने उम्मेदवारहरूले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर बापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको ७ दिन सम्ममा दोब्बर परीक्षा दस्तुर रकम बोर्डको वेवसाईट https://www.sebon.gov.np मा रहेको Career tab भित्र गई **https://career.sebon.gov.np** बाट अनलाईन दरखास्त प्रणालीमा आवद्ध रहेको **ConnectIPS, e-Sewa** र **Khalti** मार्फत भुक्तानी गर्नुपर्नेछ। सो बापत लाग्ने सेवा शुल्क दरखास्त पेश गर्ने उम्मेदवारहरूले व्यहोनुपर्नेछ।

४ दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन।

५. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

६. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

७. कारण खुलाई वा नखुलाई कुनै पनि दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ।

८. परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

९. पाठ्यक्रम बोर्डको वेबसाइट www.sebon.gov.np बाट प्राप्त गर्न सकिनेछ।

१०. लिखित परीक्षामा आउँदा उम्मेदवारले आफ्नो सक्कल नागरिकता प्रमाणपत्र र बोर्डको अनलाइन दरखास्त प्रणालीबाट आफैले प्रवेश पत्र डाउनलोड गरी अनिवार्य रूपमा साथमा लिई आउनुपर्नेछ।

११. अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन पेश गर्दा कुनै द्विविधा भएमा बोर्डको टेलिफोन नं. ०१-५५४१०५७, ०१-५५५०५११, ०१-५५५११६२, ०१-५५४४०७७, ०१-५५५०५१२ मा सम्पर्क गर्नुहुन अथवा यस बोर्डको इमेल career@sebon.gov.np मा इमेल मार्फत बुझ्न सकिनेछ।

**(यो विज्ञापन सम्बन्धी सूचना बोर्डको वेबसाईटमा समेत प्रकाशन गरिएको छ।)**

**सदस्य सचिव**
**पदपूर्ति समिति**